**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महादेवस्थान, काभ्रे**
**३ नं. प्रदेश, नेपाल ।**

## कर्मचारीहरु भर्ना सम्बन्धी मण्डनदेउपुर नगरपालिकाको सूचना
### प्रथम पटक प्रकाशित मिति : २०७५/०४/०१

यस मण्डनदेउपुर नगरपालिकाको तेस्रो नगर सभाबाट पारित वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुसार यस नगरपालिकामा निम्न पदहरुमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले यस नगरपालिकाको कार्यालयबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७५/०४/१५ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

| क.सं. | विज्ञापन नं. | पद, सेवा, तह | खुला तथा समावेशी | माग पद संख्या | जम्मा पद संख्या |
|---|---|---|---|---|---|
| १ | ०१/०७५-०७६ | पशु प्राविधिक, प्राविधिक, ना.प्रा.स्वा. चौथो तह | खुला | ३ | ४ |
| २ | ०२/०७५-०७६ | | महिला | १ | |
| ३ | ०३/०७५-०७६ | कृषि जे.टि.ए, प्राविधिक, चौथो तह | खुला | २ | २ |
| ४ | ०४/०७५-०७६ | नगर प्रहरी हवल्दार | खुला | १ | १ |
| ५ | ०५/०७५-०७६ | नगर प्रहरी जवान | खुला | ३ | ५ |
| ६ | ०६/०७५-०७६ | | महिला | १ | |
| ७ | ०७/०७५-०७६ | | आ.ज. | १ | |
| ८ | ०८/०७५-०७६ | हेभी सवारी चालक | खुला | १ | १ |
| ९ | ०९/०७५-०७६ | हलुका सवारी चालक | खुला | १ | १ |
| १० | १०/०७५-०७६ | कार्यालय सहयोगी, प्रशासन, सहायक स्तर प्रथम तह | खुला | ८ | १४ |
| ११ | ११/०७५-०७६ | | महिला | २ | |
| १२ | १२/०७५-०७६ | | आ.ज. | १ | |
| १३ | १३/०७५-०७६ | | मधेसी | १ | |
| १४ | १४/०७५-०७६ | | दलित | १ | |
| १५ | १५/०७५-०७६ | | अपाङ्ग | १ | |

**परीक्षाको किसिम :-** लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक ।

**दरखास्त दस्तुर :-** पशु प्राविधिक, प्राविधिक, ना.प्रा.स्वा. चौथो तह - रु ५००, कृषि जे.टि.ए, प्राविधिक, चौथो तह - रु ५००, नगर प्रहरी, प्रशासन, सहायक स्तर पाँचौ तह- रु ५००, नगर प्रहरी हवल्दार - रु ३००, नगर प्रहरी जवान रु ३००, हलुका सवारी चालक रु ३००, हेभी सवारी चालक रु ३०० र कार्यालय सहयोगी, प्रशासन, सहायक स्तर प्रथम तह- रु ३०० । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा रु. १००।- (एक सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :-** २०७५/०४/१५ गते सम्म ।

**उम्मेदवारको उमेरको हद :-** २०७५/०४/१५ गते सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** TOR मा उल्लेख भए अनुसार

**तलब :-** नगर सभाबाट स्वीकृत तलब स्केल तथा नगर कार्यपालिकाको निर्णय बमोजिम ।

**शैक्षिक योग्यता :**

१) पशु प्राविधिक, प्राविधिक, ना.प्रा.स्वा. चौथो तह: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. पशु विज्ञान (पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि ( पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण ।

२) कृषि जे.टि.ए, प्राविधिक, चौथो तह: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी

न्यूनतम एक वर्षे जे.टी.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण ।

३) नगर प्रहरी हवल्दारः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण भई शारीरिक तन्तुरुस्त भएको।

४) नगर प्रहरी जवानः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भई शारीरिक तन्तुरुस्त भएको।

५) हेभी सवारी चालकः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भई सवारी अनुमति पत्र प्राप्त गरेको

६) हलुका सवारी चालकः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भई सवारी अनुमति पत्र प्राप्त गरेको

७) कार्यालय सहयोगी, प्रशासन, सहायक स्तर प्रथम तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र,

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।